"समुन्नत इलाम सम्पन्न इलामेली"

# इलाम नगरपालिका
# Ilam Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the municipal executive

इलाम, भानुपथ कोशी प्रदेश, नेपाल
Ilam, Bhanupath Koshi Province, Nepal
( राजस्व शाखा )

Green Ilam

पत्र संख्या: ०७९/८०
च. नं : २६५८

मिति: २०७९-११-२१

### सटर भाडामा लगाउने सम्बन्धी मिति २०७९।११।२१ गतेको सूचना

इलाम नगरपालिकाको मिति २०७९।१०।०५ गतेको निर्णय अनुसार इलाम नगरपालिका वडा नं ७ कृषि बजार स्थित २ तले भवनको जमिन तलाको सटर भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति संघ, संस्था,सहकारीले मिति २०७९/१२/०५ गते सम्ममा सम्पर्क गरी प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ । सटरको न्यूनतम मासिक भाडा निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । तोकिएको मिति भित्र प्राप्त आवेदनहरुमध्ये सबैभन्दा बढी भाडा रकम कवोल गर्ने आवेदकसँग सम्झौता गरिने व्यहोरा समेत अनुरोध छ . ।

निम्न: —

**सटर तथा भवन रहेको स्थानःइ.न.पा. ७ कृषि बजार स्थित भवनको जमिन तलाको सटर नं: क वर्गको सटर मासिक भाडा दर ३६०० ख वर्गको सटर २७००**

१. प्रस्ताव फाराम रु १०००।००(एक हजार) (फिर्ता नहुने) तिरी मिति २०७९/१२/०५ गते भित्रमा कार्यालयबाट खरिद गर्न सकिनेछ । खरिद कर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाण पत्र ,प्यान दर्ताको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ । खरिद कर्ता, संघ,संस्था,भए आ.व.२०७९/०८० सम्मको नवीकरण भएको प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिन्छ ।

२. प्रस्ताव फाराम भरि सिलबन्दी गरी मिति २०७९/१२/०५ गते दिनको दिउँसो १२ बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

३. प्रस्ताव फाराम साथ आफूले कवोल गरेको भाडा रकमको ३ महिना बराबरको रकम यस कार्यालयको ने.बैं.लि. इलाम स्थित धरौटी खाता नं ०४००३००००००३०००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

४. कृषि बजार स्थित जमिन तलाको भवन न्यूनतम मासिक भाडा क वर्गको सटर ३६०० र ख वर्गको सटर २७०० दरले तोकिएको छ ।

५. उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर प्रतिस्पर्धा हुने र बढी रकम कवोल गर्ने व्यक्ति संघ , संस्था,सहकारीले प्राथमिकता पाउने छ ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कार्यालयको निर्णयानुसार हुनेछ

गणेश कुमार खडका
प्रमुख प्रशासकीय अधिकृत

Phone No:- ०२७-५२००९७, ०२७-५२००३९, website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com